नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति : २०७५।२।२२

प्रेस विज्ञप्ति

विश्व वातावरण दिवस, जुन ५ को अवसरमा जमिनको सदुपयोग गरी नेपाललाई फलफूलको बगैंचा बनाउने लक्ष्यकासाथ *एक नेपाली एक फलफुलको विरुवा* रोप्ने अभियानको सिंहदरबार परिसरमा एभोकाडो र लिचीको विरुवा रोपी सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूबाट शुभारम्भ भयो।

अभियानको शुभारम्भ गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले वातावरण संरक्षणप्रति नेपाल सरकारले लिने नीति र दृष्टिकोणबारे स्पष्ट पार्नुहुँदै वातावरणप्रति सजग सबै महानुभावहरुलाई यस अभियानमा सामेल हुन आह्वान गर्नु भयो । **एक नेपाली एक फलफूलको विरुवा** अभियान भएता पनि एकभन्दा बढी विरुवा रोप्न समेत सबैलाई आग्रह गर्नुहुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले आजका दिन कम्तीमा एकलाख फलफूलका विरुवा रोप्ने तथा वर्षभरिमा धेरै करोड विरुवा रोपिने अपेक्षा व्यक्त गर्नुभयो । नेपालमा सबै किसिमका जीव तथा वनस्पतिका लागि प्रकृतिले अनुकूल वातावरण दिएको विचार व्यक्त गर्नुहुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले हामीहरु वातावरणप्रति सजग रहेको समेत स्मरण गराउनुभयो । देशमा तीनवटै तहको निर्वाचन सम्पन्न भएसँगै राजनीतिक अस्थिरता समाप्त भई विकास र सुशासन तर्फ सरकार अगाडि बढेको र यसको लागि समेत पर्यावरणीय सन्तुलन आवश्यक भएकोले देशलाई हरियाली बनाउन र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू समेत पूरा गर्न पनि वातावरण संरक्षणमा ध्यान दिनु पर्नेमा सम्मानीय प्रधानमन्त्रीले जोड दिनु भयो।

सम्माननीय प्रधानमन्त्रीज्यूले वनलाई मूलतः पर्यावरणीय सन्तुलन र व्यावसायिक उपयोग एवम् आर्थिक सम्बृद्धिसँग आवद्ध गर्दै समृद्ध नेपाल सुखी नेपालीको अभियानमा यस क्षेत्रले योगदान पुर्याउने भएकोले वनको उचित व्यवस्थापन गर्न जरुरी भएको बताउनु भयो ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

..............................................

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :.........................

हामीले अबका दिनमा प्रकृति अनुकूल तथा जीवजन्तु र मानव सबैलाई उपयोगी हुने एवम् आय आर्जनमा समेत योगदान दिनेखालका फलफूल लगाउन सके यसबाट फलफूलमा आत्मनिर्भर बन्दै फलफूलको निर्यात गर्न सकिने सम्भावना रहेको बताउनु भयो । मानव स्वास्थ्य एवम् बालबालिकाको शारीरिक तथा मानसिक विकासको लागि फलफूलको महत्वमा जोड दिँदै फलफूलमय नेपाल र हरियाली नेपाल बनाउने यस अभियानलाई सफल बनाउनु पर्नेमा जोड दिनुभयो । यसमा सचेतपूर्ण ढंगले योगदान पुर्याउन राष्ट्रसेवक कर्मचारी, संचारकर्मी साथीहरू लगायत सबै नेपाली नागरिकमा सम्माननीय प्रधानमन्त्रीज्यूले अनुरोध गर्नुभयो।

यस अभियानमा नेपाल सरकारका सबै निकायहरु, प्रदेश सरकार, स्थानीय सरकार, विश्वविद्यालय एवम् विद्यालयहरु, सुरक्षा निकायहरू, लुम्बिनी विकास कोष, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, पेशागत संघ-संस्थाहरू, गैरसरकारी संस्था एवम् आमनागरिकबाट समेत फलफूलको विरुवा रोप्ने कार्यको शुभारम्भ भएको छ । आजैमात्र सिंहदरबार परिसरमा करिब चारसय र देशभर झण्डै एकलाख सत्तरी हजार फलफूलका विरुवाहरू रोप्ने कार्य सम्पन्न भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइएको छ ।

(विनोदबहादुर कुँवर)

प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np